दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

मास्क लगाऔं, कोरोनाबाट सुरक्षित बनौं
-नाक र मुख ढाकिने गरी मास्क लगाऔं।
-मास्कलाई सकेसम्म नछौं।
-एउटै मास्क लामो समयसम्म प्रयोग नगरौं।
-कोरोनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ३३ | अंक २४३ | बुटवल | २०७८ भदौ २१ गते, सोमबार | नेपाल संवत् ११४१ | Monday Sep 06, 2021 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## प्रधानाध्यापकले लाखौं हिनामिना गरेको उजुरी

प्रेम सुनार
गुल्मी



गुल्मीको एक माध्यमिक विद्यालयका प्रधानाध्यापकले नक्कली बिल भरपाइ पेश गरी लाखौं रकम हिनामिना पारेको अख्तियारमा उजुरी परेको छ। धुर्कोट गाउँपालिका ७ वाग्लाको दुवानेटमा रहेको भगवती माध्यमिक विद्यालयका प्रधानाध्यापक छन्तबहादुर केसीले त्यसरी रकम हिनामिना गरेको भन्दै अख्तियार अनुसन्धान आयोग बुटवलमा उजुरी परेको स्रोतले जनाएको छ।

प्रधानध्यापक केसीले आ.व .०७६/०७७ का धुर्कोट गापाबाट विज्ञान प्रयोगशालाका सामग्रीहरू खरिदको लागि ६ लाख ५० हजार प्राप्त भएकोमा जम्मा ४ लाख ८५ हजारको सामान खरिद गरी बाँकी रकम नक्कली बिल भरपाइ बनाई अनियमितता गरेको उजुरी परेको हो।

त्यसैगरी आ.व. ०७६/०७७ मा जिल्ला पुनर्निर्माण कार्यालय गुल्मीबाट शौचालय निर्माणको लागि १५ लाख रुपैयाँ निकासा भएकोमा कमसल खालका निर्माण सामग्री प्रयोग गरी कम सामग्री खरिद गरी बढी सामानको बिल देखाई करिव १० लाखको मात्र काम गरी १६ लाख खर्च देखाई प्राविधिकबाट जाँच नगरी रु ६ लाख सरकारी रकम हिनाबिना गरेको उनीमाथि आरोप छ।

आ.व. ०७६/०७७ मा जिल्ला पुनर्निर्माण प्राधिकरणबाट विद्यालय खानेपानीको लागि बिनियोजित रकम ७ लाख ५० हजारमध्ये ३ धारा र २ ट्यांकी एक हजार लि. को ट्यांकी मात्र खरिद गरी बिल भरपाइ मिलाई रकम निकासा गरेको उजुरीमा उल्लेख छ।

त्यसैगरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम आ.व. ०७७/०७८ को धुर्कोट गापामार्फत कम्प्युटर खरिद गर्नका लागि रु १३ लाखमध्ये ल्यापटप ७ वटा मात्र खरिद गरी १३ वटाको बिल भरपाइ मिलाई रकम निकासा गरेको, आ.व. ०७६/०७७ र आ. व. ०७७/०७८ को सामाजिक लेखा परीक्षण र लेखा परीक्षण कुनै पनि नगरी सम्पूर्ण रकमहरू निकासा गरेको उनीमाथि आरोप छ।

» बाँकी ३ पेजमा

## बुद्धनगरका बाढीपीडितलाई गास र बासको चिन्ता



प्रतिमा गौतम
बुटवल

बुटवल ११ बुद्धनगर शिवालय टोलकी ३८ वर्षीया टिककली पौडेललाई अहिले के खाने कहाँ बस्नेको समस्याले पिरोलेको छ। यही भदौ १३ गते राति १ बजे तिनाउ नदीमा आएको बाढीले उनको घर र समान बगाएपछि टिककलीको अवस्था दयनीय बनेको हो।

बाढीका कारण बुद्धनगरका १८ घर परिवार अहिले बुटवल ११ को शहीद स्मृति प्राथमिक विद्यालयमा आश्रय लिएका छन्। पीडित परिवारले आफूहरूको समस्या समाधान गर्न सम्बन्धित निकायको ध्यान आकर्षण होस् भन्ने अनुरोध गरेका छन्। टिककली भन्छिन्- 'हामी समस्यामा पऱ्यौं, अब कहाँ जाने के खाने ?'

त्यस्तै बालिका नेपालीको घर खोलामा झुण्डिएको छ उनी भन्छिन्- 'तीन वर्षकी छोरीलाई यस्तो कोरोनाको समयमा कता लैजाउँ कसरी बचाउ। अहिले त स्कुलमा बसेका छौं। स्कुल खुलेपछि कता जाने रातमा निदाउन पनि सकिंदैन।' सोही ठाउँका टोपबहादुर सारूको पनि दुःख उस्तै छ। उनी भन्छन् -'बिहान बेलुका छाक टार्न ई-रिक्सा चलाउँथे तर त्यही रिक्सा बाढीसँगै बग्यो। आफू जे भए पनि यी चार छोरा छोरी कसरी पाल्नु ?'

तिनाउ नदी आसपासका जनताले वर्षेनी यो समस्या भोग्दै आए पनि दिर्घकालिन समस्या समाधान हुन सकेको छैन। शहीद स्मृति प्रा.वि. मै भेटिएका ७२ वर्षका जेष्ट नागरिक भिमलाल पुरीले मलिन हुँदै भने 'दिउँसो घर हेर्छु राति आएर यही बस्छु अहिले मन डराउने आत्तिने भैरहेको छ।'

राहतस्वरूप जिल्ला प्रशासन कार्यालय रूपन्देहीले पूर्णरूपमा क्षती पुगेका परिवारलाई १० हजार र अरू आंशिक क्षती भएका परिवारलाई ५ हजार रुपियाँ सहयोग गरेको छ।

स्थानीय जनप्रतिनिधि नकुल शाही ठकुरीले तत्कालको लागि समस्या समाधान गर्न स्थानीय तह लागेको र दिर्घकालिन व्यवस्थापनका लागि संघीय सरकारसंग समन्वय गरी अगाडि बढ्ने बताएका छन्।

## छत्रदेवका विपन्न परिवारलाई सोलार



अर्घाखाँची। निः शुल्क सोलार पाएपछि छत्रदेवका विपन्न परिवारमा खुसीयाली छाएको छ। स्थानीय सरकारले घरमै गएर सोलार उपलब्ध गराएपछि स्थानीयमा खुसी छाएको हो।

वर्षातको बेला गाउँपालिकासम्म आउँदा गाह्रो हुने भएपछि विपन्न परिवारका घरमै पुगेर सोलार उपलब्ध गराइएको गाउँपालिका अध्यक्ष लेखनाथ पोखरेलले बताए।

गाउँपालिकामा रहेका १७३ विपन्न परिवारलाई सोलार वितरण गरिने जनाइएको छ। पहिलो चरणमा २० घर परिवारलाई उपलब्ध गराइएकोमा अब सबै वडामा वितरण गरिने प्रमुख प्रशासकीय अधिकृत भेषराज पन्तले जानकारी दिए।

» बाँकी ३ पेजमा

## सैनामैनामा निःशुल्क विद्युत् मिटर वितरण

सैनामैना। सैनामैना नगरपालिकामा निःशुल्क विद्युत् मिटर वितरण गरिएको छ। सैनामैना नगरपालिका र विद्युत् प्राधिकरणको सहकार्यमा विद्युत् मिटर वितरण गरिएको हो। गरिब तथा अतिविपन्न परिवार भएका सैनामैनाका १०० घरधुरीलाई विद्युत् मिटर वितरण गरिएको सैनामैना नगरपालिकाले जनाएको छ।




कोही पनि अँध्यारोमा बस्न नपरोस् भन्ने उद्देश्यले गरिब तथा अतिविपन्न परिवार पहिचान गरी नगरपालिका र विद्युत् प्राधिकरणको सहकार्यमा विद्युत् मिटर वितरण गरिएको सैनामैना नगरपालिकाका नगरप्रमुख चित्रबहादुर कार्कीले बताए। समस्यामा परेका नगरबासीलाई वडामा आफ्नो समस्या राख्न अनुरोध गर्दै उनले भने –'तपाईंहरूको टोलका केही समस्या भए वडामा निर्धक्क भन्नुहोला, त्यहाँ भन्न नसके वा सुनुवाई नभए सिधै मलाई भन्नुहोला, म सुन्छु।'

यस क्षेत्रमा भएको लो भोल्टेज तथा विद्युत्मा भएका समस्या समाधनका लागि नेपाल विद्युत् प्राधिकरण र सैनामैना नगरपालिकाको सहकार्यमा सैनामैनाको सालझण्डीमा सवस्टेशन निर्माण गर्न लागिएको नेपाल विद्युत् प्राधिकरण लुम्बिनी प्रदेश प्रादेशिक कार्यलयका निर्देशक नवराज ओझाले बताए।

» बाँकी ३ पेजमा

## स्वदेशकै कृषि पेशाले दियो सन्तुष्टि

माधव ज्ञवाली
गुल्मी

खाइलाग्दो ज्यान, भरिलो, हंसिलो अनुहार, कलकलाउँदो जोवन अनि सरल स्वभाव, गुल्मीको रुरुक्षेत्र गाउँपालिका वडा नम्बर ४ पारिखर्कका दुई दाजुभाइ कमल अनि कपिल ज्ञवाली।

एउटाले होटल म्यानेजमेन्ट त अर्कोले म्यानेजमेन्ट पढेका यी दुई भाइ अहिले 'दाजुभाइ कृषि फार्म' को म्यानेजमेन्टमा ब्यस्त छन्।

वि.स २०६८ सालमा होटल म्यानेजमेन्ट पढ्दै गरेका कमल गाउँमा केही गर्ने सोंचका साथ काठमाडौंदेखि गाउँ फिरेर कुखुरा पाल्न सुरु गरेका हुन्। सुरुमा करिब ५० हजार लगानी गरेर खोर निर्माण गरी १ सय कुकुरा पाल्न सुरु गरेको उनले बताए।



'मेरो मन त तरकारी खेतीतर्फ आकर्षित थियो तर पानीको निकै समस्या, त्यसैले त्यो बेला कुखुरा पाल्न सुरु गरेँ।'- उनले सम्झिए।

उनका ५० कुखुरा मरे पनि ५० वटाबाट करिब ७ हजार आम्दानी भएको उनी स्मरण गर्छन्।

'आधा कुखुरा मर्दा पनि संतोषजनक आम्दानी मिलेपछि व्यवस्थित तरिकाले कुखुरा पाल्न सुरु गरेको ज्ञवालीले बताए। 'घर नजिकै केही जग्गा लिजमा लिएर साढे ५ लाख लगानीमा २ देखि ३ हजार बोइलर कुखुरा पाल्न थालेँ।'- ज्ञवाली बताउँछन्।

एकदिन कुखुरालाई खुवाउने पानी ट्याङ्कीमा अपरिचित व्यक्तिले विष मिसाइदिएपछि सबै कुखुरा मरेको उनले सुनाए।

ल्याब परीक्षणबाट त्यो पुष्टि भएको उनको भनाइ छ। त्यतिबेला १२ लाख घाटा लागेको उनले बताए।

गाउँ फिरेको ४ वर्षमै उनी विदेश उड्न बाध्य भए । वि.स २०७२ बैशाखमा उनी दुबईको लागि उडे। करिब साढे ३ वर्ष दुबैमा उनले रगत पसिना बगाए।

» बाँकी ३ पेजमा

'हाम्रोमा आउनुहोस्, चोरीहुनबाट बच्नुहोस् ।'
प्रो. विष्णु प्रसाद खरेल
Mob: 9861062307
9855065350
9855052914
टि.बि. टेक्निकल
इलेक्ट्रोनिक पसल
बुटवल-११, मिलनचोक, ICI पथ

हामीकहाँ: बैंक, घर, किराना पसल देखि सुनचाँदी पसल लगायत अन्य संघसंस्थाहरुको सटर तथा ढोकाहरु तोइफोड गरी चोरीहुनबाट बच्नका लागि आधुनिक प्रविधिका टेक्निकल सिस्टम जडान रहित विभिन्न प्रकारका चाँबी तथा डिआईसहरु उपलब्ध छ। साथै सब- डिलरको लागि पनि हामीलाई सम्झनुहोस् ।

हामी डिजिटलमा पनि ....
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
www.dainiklumbini.com

# सम्पादकीय

## बलात्कार रोक्न यौन शिक्षा आवश्यक

गुल्मीको अग्लुङ गाउँमा एक जना १७ वर्षीया व्यक्तिले ११ वर्षीया बालिकालाई बलात्कार गरेको आरोप लागेको छ । जुन घटनालाई गाउँमै मिलाउन स्थानीय जनप्रतिनिधि र नेताहरुले पीडित बालिकाका अभिभावकलाई दबाब दिएको गुनासो पनि आएको छ । घटनाको अनुसन्धान भइरहेकाले सत्य तथ्य अवश्य नै बाहिर आउला । तर मूल कुरा बलात्कार जस्तो जघन्य अपराधमा कमी आउला भनेको झन बढ्दै गएको छ । बालिका बलात्कृत हुने क्रम रोकिएको छैन । हाम्रो समाज र सरकारले यसको कारण खोजेका छैनन् ।

बलात्कारका घटना किन बढिरहेछ भन्नेबारे खासै अध्ययन भएको छैन । यही कारण बालिकाहरु घरबाहिर हिंड्डुल गर्दा सुरक्षित महसुस गर्न कहिले पाउँछन् र बालिकालाई सुरक्षा दिने समाज बनाउन के गर्न सकिन्छ भन्ने प्रश्नको उत्तर आजसम्म छैन । अर्थात् यस्ता घटनासम्बन्धी अनुसन्धान गर्ने संस्था नेपालमा कम छन् । जबसम्म बलात्कार हुने कारण खोजिदैन र त्यसको समाधानका लागि उपाय निकालिदैन तबसम्म अपराधमा कमी आउने देखिदैन ।

हुन त नेपालको मुलुकी अपराध (संहिता) ऐन २०७४ परिच्छेद १८ मा जबरजस्ती करणीसम्बन्धी कानूनको व्यवस्था गरेको छ । जसमा कुनै पनि प्रकारको करकाप, प्रलोभन, धम्की करणी गरेमा घटनाको प्रकृतिअनुसार १० वर्षदेखि २० वर्षसम्मको कैद सजाय तोकिएको छ । उमेर समूहअनुसार सजायको व्यवस्था आफैमा परिपक्क देखिदैन । कानूनमा जे-जस्तो लेखिए पनि यसको कार्यान्वयन पक्ष भने निरीह छ, अर्कोतिर नेपालमा बलात्कारको घटनामा अधिकांश किशोरीहरु पीडित छन् । तिनीहरुले न्याय पाएका छैनन् । धेरैजसोले उजुरी दिन आफैलाई सुरक्षित ठान्दैनन् । घटनालाई बाहिर ल्याउँदा दोहोरो पीडामा पर्छन्, एक बलात्कारको अर्को सामाजिक लाञ्छनाको ।

पीडितले प्रहरी समक्ष गएर उजुरी दिन निकै ठूलो चुनौती छ । उजुरी दिएमा पनि पीडकले कानूनअनुसार सजाय पाउनेमा पीडित ढुक्क छैन । त्यसमा पनि न्याय प्राप्तिको तगारोको रुपमा शक्तिको दुरुपयोग, राजनीतिक संरक्षण, आर्थिक प्रलोभन, नातावाद, कृपावाद जस्ता प्रवृत्ति रहेका छन् । यस्ता प्रवृत्ति रहेका छन् । यस्ता प्रवृत्तिहरुबाट समाज जबसम्म माथि उठेर न्यायको पक्षमा उभिन सक्दैन तबसम्म यौन हिंसा कायमै रहन्छ ।

बलात्कार किन बढिरहेछ ? यसमा थुप्रै कुरा जोडिएका छन्, जसमध्ये केही कुरामा परिवर्तन जरुरी छ । अहिलेसम्म नेपालमा पढ्ने र पढाउने यौन शिक्षा व्यवहारिक नभएर कृत्रिम छ । गर्भनिरोधक साधनबारे पढाउनु यौन शिक्षा होइन । आफ्ना शरीर, अर्को व्यक्तिप्रतिको आकर्षण र यौन इच्छाबारे सिकाइयो भने मात्र बालबालिका, किशोरीहरुले आफूमाथि भएको हिंसा बेलैमा थाहा पाउँछन् । यौन र यौन हिंसाबारे सानैदेखि बालबालिकालाई सिकाइयो भने उनीहरु सचेत हुन सक्दछन् ।

अर्कोतर्फ महिलाको अस्तित्वलाई पुरुषसँग जोडेर हेर्ने नजर बदल्नै पर्दछ । यसका साथै समाजका सबभन्दा कमजोरहरुको सुरक्षामा ध्यान दिनु पर्दछ । धेरैजसो बलात्कार एक्लै घरमा भएको मौका छोपी हुने गरेका छन् । त्यसैले सानै उमेरदेखि बालिकालाई पुरुषको तुलनामा कमजोर हुन्छन् भन्ने सोंचबाट मुक्त गर्नु पर्दछ । खासगरी विद्यालय र परिवारमा यौनसम्बन्धी कुराको बारेमा खुलेर कुरा गर्ने संस्कारको विकास गर्नै पर्दछ । किनकि अपराधिक क्रियाकलाप हुनुमा मानिसले पाएको यौन शिक्षाको पनि महत्वपूर्ण भूमिका हुन्छ ।

# केही सुझाव कांग्रेस र कम्युनिष्टहरूलाई



चतुर्भुज आत्रेय

*जस्तै कुलमान घिसिङ, सुशीला कार्की, डा. गोविन्द के.सी.लाई हेरौं । यी तीनबाटै पात्रहरु आफ्नो आस्थाका आधारमा वैचारिक हिसाबले कुनै नजिक होलान् त्यो बेग्लै कुरा हो, तर उनीहरुको प्रत्यक्ष संलग्नता कुनै पनि पार्टीमा थिएन । आफ्नो कार्यकालमा उनीहरुले निभाएको पेशागत धर्मलाई मूल्यांकन गरेर जनता स्वयंले उनीहरुको यशोगाथा गाइरहन्छन् । यी तिनै पात्रप्रति सरकार जति असहिष्णु बने पनि जनताको नजरमा उनीहरु श्रद्धाका केन्द्र बनेका छन् । त्यस्तै एक समयमा मन्त्री गोकर्ण विष्टले पनि जनताबाट त्यस्तै स्याबासी पाएका थिए ।*

नेपालका वामपन्थी दलहरु र प्रजातन्त्रवादी दल नेपाली कांग्रेसका कार्यकर्ताहरुमा त्याग, तपस्या, सेवाभाव, इमान्दारी, लगन, सदविचार, राजनीतिक संस्कार स्वविवेक, निष्ठा, सच्चरित्रता, सहिष्णुता, मातृभाव, अध्ययनशीलता आदिको खाँचो छ । राजनीतिक कार्यकर्तामा कम से कम यति गुणहरु भैदिने हो भने नेताहरुले पार्टीलाई आफ्ना व्यक्तिगत हितहरुतर्फ उपयोग गरी पार्टीमाथि कलंकको भार बोकाएर पार्टीलाई कलंकित बनाउन सक्दैनथे । आज कांग्रेस र कम्युनिष्ट पार्टीका आम कार्यकर्ता यी गुणहरुको अभावले पार्टीलाई अवसरवादीहरुको भीडले कब्जा गरेको छ । त्यसकारण जनताबाट टाढा टाढा हुँदैछन् कांग्रेस र कम्युनिष्टहरु । हुन त कसैलाई यो भनाइ मन नपर्न सक्छ तर कटुसत्य यही हो ।

हिजो परिवर्तनकारी राजनीतिक शक्तिका रुपमा जनताले कांग्रेस र कम्युनिष्टलाई मात्र चिने जानेका थिए । त्यसैले राजनीतिको मैदानमा कांग्रेस र कम्युनिष्टहरुको मात्र प्रतिस्पर्धा थियो तर अब भने त्यो अवस्था रहेन । राजनीतिको मैदानमा अरु-अरु नयाँ नयाँ खेलाडीहरु पनि प्रवेश गरेका छन् । त्यसैले कांग्रेस र कम्युनिष्टहरुले आफ्नो अलग्गै छवि प्रस्तुत गरेर जनताको मन जित्न सुरुमा उल्लेख भएका विशिष्ट विशेषताहरुतर्फ गम्भीर भएर सोच्नुपर्छ र सोचून् भन्ने मेरो आग्रह हो ।

कांग्रेस र कम्युनिष्टहरुले एउटै पार्टीभित्र अर्थात् आफ्नै पार्टीमा गुटउपगुट खडा गरी एउटा गुटको झुण्डले अर्को गुटको झुण्डको मुखियालाई नायक खलनायकको रुपमा चित्रण गरी खुइल्याउने प्रवृत्ति जो अहिले चलिरहेको छ त्यसलाई रोकेर माथि उल्लेखित गरिएका गुणहरुको अनुशरण गर्न सक्दैनन् भने आगामी निर्वाचनहरुमा कांग्रेस र कम्युनिष्ट पार्टीका अहिलेका तेज नेताहरु जमानत जोगाउन पनि असमर्थ हुनेछन् । भोलि किनकि जनता अब कसैको पनि उधारो आश्वासनमा विश्वास गर्नेवाला छैनन् । जस्तै कुलमान घिसिङ, सुशीला कार्की, डा. गोविन्द के.सी.लाई हेरौं । यी तीनबाटै पात्रहरु आफ्नो आस्थाका आधारमा वैचारिक हिसाबले कुनै नजिक होलान् त्यो बेग्लै कुरा हो, तर उनीहरुको प्रत्यक्ष संलग्नता कुनै पनि पार्टीमा थिएन । आफ्नो कार्यकालमा उनीहरुले निभाएको पेशागत धर्मलाई मूल्यांकन गरेर जनता स्वयंले उनीहरुको यशोगाथा गाइरहन्छन् । यी तिनै पात्रप्रति सरकार जति असहिष्णु बने पनि जनताको नजरमा उनीहरु श्रद्धाका केन्द्र बनेका छन् । त्यस्तै एक समयमा मन्त्री गोकर्ण विष्टले पनि जनताबाट त्यस्तै स्याबासी पाएका थिए ।

नेताहरुको मनपरि तथा अविवेकपूर्ण काम सधैभरि चल्न सक्दैन । जुन बेला उनीहरुको वास्तविकता चरित्र जनताले थाहा पाउनेछन्, त्यस बेलादेखि उनीहरुको राजनीतिक औचित्य समाप्त हुनेछ । राजनीतिमा आफ्नो औचित्य कायम राख्न कांग्रेस र कम्युनिष्टका नेताहरु आफूले गरेका पाप कर्महरुलाई धोइ पखाली प्रायश्चित गरेर शुद्ध बनी जनतामा जाउन नत्र भने हिजो जस्तो अ.पा.नि.(अन्तपार्टी निर्देशन) र पार्टीको ह्वीप भनेर अनुचित आदेशलाई कार्यकर्ताले पनि मान्ने छैनन् र जनताले पनि उचित दण्ड दिने छन् । त्यस कारण कांग्रेस र कम्युनिष्ट पार्टीका हरेक तहका नेता तथा अगुवा कार्यकर्ताहरुले यस वास्तविकतालाई स्वीकार गरी आफ्ना आनी बानी, व्यहोरा र व्यवहारलाई सुधारी वास्वकितामा आउनु पर्छ । फेरि पनि गौड दिएर भन्छु- कांग्रेस र कम्युनिष्टका वरिष्ठ नेता र अगुवा कार्यकर्ताहरु आफ्ना बानी व्यहोरा र व्यवहारमा परिवर्तन गरी सुध्रिएको अवस्थामा आऊन् । कांग्रेस र कम्युनिष्टका नेताहरु सच्चिदिने हो भने मात्र नेपाल राष्ट्रको वृहत्तर हित सच्चिनेछ ।

अन्यथा यिनीहरुको आनीबानी वर्तमानको जस्तो रहिरहे नेपाल रहने छैन । नेपाली जनता भोलि विदेशीको गुलाम बनेर विदेशीको दमन चक्रमा फस्नु पर्नेछ । यद्यपि कांग्रेस र कम्युनिष्ट पार्टीका वरिष्तम नेताहरुलाई यो कुरा थाहा छ, तर थाहा हुँदाहुँदै पनि बैमानी गरिरहेका छन् । त्यसैले 'बैमान नेताहरु हो ! इतिहासप्रति बैमानी नगर !' यो मेरो एकल नारा हो । यद्यपि एकल नाराले प्रभावकारिता दिंदैन । तैपनि मनको डाहालाई खप्न नसकेर औडाहा मेट्न एक्लै भए पनि चिच्याउँछु, आक्रोश पोख्छ, कहिले यिनै कुरा धतुलाउँछु ।

आफू पनि प्रजातन्त्रप्रति आस्थावान भएको, साधारण कम्युनिष्ट भएकोले र यी दुवै दलहरुप्रति गहिरो सहानुभूति भएको हुँदा उनीहरुको भविष्य जनआस्था समाप्त बनेको स्थितिमा नपुगोस् भनेर यसो भनेको हुँ । आ-आफ्ना भाषण र प्रस्तावहरुमा राम्रा कुरा देखाएर मात्र हुँदैन । ती राम्रा भाषण र प्रस्तावहरु व्यवहारमा पनि ल्याउनु पर्छ ।

# प्रभावकारी कि मालदार मन्त्रालय ?



कुलचन्द्र वाग्ले

संयुक्त सरकार बनेको पनि दुई महिना पुग्ने बेला भइसक्यो । सरकारको आकार पूर्ण हुने पर्खाइमा यो समय बितेको छ । अब पर्खाइ धेरै लम्मिएलाजस्तो लाग्दैन । बढीमा साता दिन आसपासमा दलहरु मिसिएको सरकारको सग्लो आकार सार्वजनिक होला । दृश्यजन्य अपेक्षा ।

एकभन्दा बढी दलको सहभागितामा सरकार बनाउनु नेपाली टुक्का र राजनीतिक संस्कारमा 'भ्यागुताको धार्नी' पुऱ्याउनु जस्तै कठिन भन्ने बुझिन्छ । भ्यागुताको धार्नी पुग्छ तर मरे, मारेकाको, जिउँदाको होइन । यो भनाइको आशय पनि जिउँदासँगै सम्बन्धित छ । जोख्न तराजुमा राख्यो कि जिउँदाहरुको भागाभाग ।

राजनीतिक सहभागिता वा दलहरुबीचको सहकार्यलाई दलीय गठबन्धन वा भागबण्डा भन्ने प्रचलन हाम्रो मुखबोलीमै छ । भागबण्डाभन्दा अलि होच्याएजस्तै लाग्ला । यही शब्दलाई सत्ता साझेदारी वा हिस्सेदारी भनिदिँदा अलि राम्रो सुनिएजस्तो लाग्ने ? कुरो त उही नै हो । गठबन्धनभन्दा दलबन्धन अलि सुन्दर लाग्छ कि ? तर पारम्परिक प्रयोगमा दिइएको अर्थ संकेतको प्रभाव पुस्तान्तरको बुझाइमा परेको हुनुपर्छ । राजनीतिको यस्तै विषयमा हुने टिप्पणी वा पत्रकारिताकै अधिक प्रयोगमा पनि यस्तै होच्याएजस्तै शब्द किन बढी प्रयोगमा आएको वा ल्याइएको होला ? यो प्रश्नमा राजनीतिक नेता, कर्मी वा विश्लेषकहरुले ध्यान दिएकै हुनुपर्छ । चरित्र र सिद्धान्त गुमाएको स्वेच्छाचारी 'कथित राजनीति' भन्ने सन्देश दिन नै यस्ता हेय शब्द प्रयोगमा बढी आए । राजनीतिमा असल वा स्वत्व हरण गरिएको तात्पर्य हो यो ।

अहिलेको सरकार संरचनाको हालत पनि झन्डै यस्तै हुँदै, बनाइँदै र देखिँदै छ । जन जिब्रोको त्यही शब्द दोहोर्याएर भन्दा अहिलेको लोकतान्त्रिक कम्युनिस्ट 'गठबन्धन' वा 'दलबन्धन' सरकार झन्डै दुईतिहाइको कम्युनिस्ट सरकार असफल भएर बनेको हो । दुईतिहाइको असफल र दलबन्धनको सरकार सफल होला भन्ने मान्न अहिलेलाई नेपाली जनमत शंकालु छ । दलहरुको भूमिकाले यस्तै प्रभाव छोडेको कारण यस्तो शंकाले घरजम गरेको हो । दलबन्धन सरकारको संस्कार स्थापित गर्लान् त सहभागी दलहरुले ? कि पुरानै प्रवृत्ति 'गँगटा फाइट' जस्तै गर्लान् यिनीहरुले ।

सरकारले पूर्ण आकार नपाएको, झन्डै डेढ दर्जन मन्त्रालय प्रधानमन्त्री शेरबहादुर देउवाको जिम्मा रहेको, ती मन्त्रालयले आवश्यक गतिमा काम गर्न नपाएको र परिणाम विकास कार्य वा पुँजीगत खर्चमा समेत बाधा परेको आदि टिप्पणी भइरहेछन् । यस्ता टिप्पणी गठबन्धनमा आबद्ध दलहरुको लागि प्रीतिकर पक्कै होइनन् । किन भइरह्यो सरकार पूरा हुन 'ढिले' ?

कारण त्यही शब्द हो भागबण्डा । अझ मालदार मन्त्रालयको भागबण्डा रे ! मन्त्रालयको संख्या भागशान्तिमा पनि पनि दुनोट पढ्नै पर्यो । तँ छाड, म छाड छ । कसले धेरै पाउने, कमाउने भन्ने हो कि गठबन्धन भनेको वा आवश्यक पर्दा पुस्तौँ हिड्न मिल्ने राजनीतिक दलीय संस्कार बनाउने बेला हो यो ? दलका मानिसहरुको चरित्र फेरिएको सन्देश अझै दिइने छैन कि के ?

मन्त्रालय मालदार ? देख्ने, सुन्नेलाई समेत लाजमर्नु । प्रभावकारी वा प्रभावशाली मन्त्रालय भनिएको हुन्थ्यो भने अलि सरल सुनिन्थ्यो । जनताले लाज मान्नु पर्थेन । त्यसो त आआफ्नो काम र जिम्मामा सबै मन्त्रालय नै प्रभावशाली छन् र पनि अर्थ, परराष्ट्र, गृह र सञ्चार मन्त्रालय अलि गुरुगम्भीर हुन् भनिन्छ । निर्माण, यातायात, उड्डयन, श्रम र आपूर्तिजस्ता मन्त्रालयलाई मालदार भन्ने प्रचलन नेपाली जिब्रोमा झुन्डिएको छ । न्याय कानुन, संसदीय र सहरी विकासजस्ता मन्त्रालय आफूलाई प्रभुत्वशाली ठान्ने राजनीतिकर्मीको रोजाइमा पर्दैनन् रे ! साँच्चै देखिएको प्रवृत्तिगत रोजाइ हो यो र यसले हाम्रा दलहरुको राजनीतिक संस्कार र चरित्र चित्रण गरिदिन्छ । सिद्धान्तहीनता, चरित्र स्खलन, स्वार्थ, स्वेच्छाचार र अविश्वास बढेकोले राजनीतिको परिभाषा नै फेरिएजस्तो भएको छ । त्यसैले मानिसहरु राजनीतिलाई 'फोहरी खेल' भन्दा आनन्द मान्न वा सही टिप्पणी भएको ठान्न थालेका छन् । फोहरी खेल नभएर पूर्वसंस्कार वा प्रयोगमा शुद्ध खेल हो राजनीति । तर, फोहरीहरुले पो अपवित्र पारे ।

यतिबेला दलबन्धनको सरकार पूरा हुन सतहमा आएका गारो पार्ने केही कारणसमेत छन् । मूलमा हिस्सेदारीको हिसाबकिताब होला पनि । जस्तै नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)को गठन, जनता समाजवादी पार्टीले मागेको समय र नेकपा (माओवादी केन्द्र)को पनि आफ्नै अलमल छ । केही अघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आफ्नै दलभित्रका मन्त्री हुन इच्छुकको भिडले आफ्नो टाउको खाएको सार्वजनिक गरेबाट परेको कठिनाइ व्यक्त भएकै हो । आगामी २२ गतेसम्म नेकपा (एस)मा जाने वा नेकपा (एमाले) छान्ने अवसर त्यहाँका कार्यकर्तालाई निर्वाचन आयोगले दिएको छ । यसको प्रभाव पनि सरकारको संरचना पूर्ण बन्ने, बनाइनेमा पर्ने छ कि ?

मन्त्री हुन खोज्ने प्रतिस्पर्धीमा अधिक कस्ता होलान् ? हुन चाहनु गलत होइन । राजनीतिकर्मीको लागि स्वाभाविक हो । प्रतिस्पर्धा पनि हुन्छ नै तर किन ? प्रश्न यो हो । देश र जनताको सेवाभावले भन्दा बढी पदसँग जोडिएको साधन सुविधाको प्राप्ति, पदले दिने पहिचान र पैसासमेत अन्य लाभको अवसरले अधिक राजनीतिकर्मीलाई बढी नै गाँजेको देखिन्छ । सबै यस्ता छन् भन्दा केही सच्चरित्रलाई पनि धक्का लाग्छ, अन्याय हुन्छ । थोरै किन नहून् तर हरेक पेसा, व्यवसाय, क्षेत्र वा कर्मकार्यमा सच्चरित्र व्यक्ति नेपाली समाजमा पनि छन् । समाज, व्यक्ति र हामीले नै सच्चरित्रहरुको पहिचान, सम्मान र संरक्षण गर्ने हो । हाम्रो खोजी सच्चरित्रप्रति छ भने । खोजी अर्थोकै भए भन्न बाँकी रहेन ।

राजनीतिसँग सम्बन्धित हुँदै धेरै क्षेत्र विशेषमा प्रयोग गरिने माथि प्रयुक्त शब्द वा वाक्यांशको विवेचनाजस्तो पनि लाग्यो होला । हो पनि । किनभने यी शब्द र वाक्यांशले खास हाम्रो राजनीतिक चरित्रलाई यथार्थबोध वा नांगो देखाएको छ । राजनीति सुध्रियो भने शब्द सम्बोधन पनि सुध्रिने पक्का छ । लाग्छ, भागबण्डाको हिस्सेदारी वा सहभागिता दलीय सन्दर्भमा गठबन्धनभन्दा दलबन्धन वा दलीय सहभागिता, मालदार मन्त्रालयको सट्टा प्रभावकारी वा गम्भीर र प्रभावशाली मन्त्रालय आदि सम्मान सूचक शब्द सम्बोधन गरिएला । राजनीति सच्चरित्र र सिद्धान्तनिष्ठ भयो, बन्यो भने । नागरिक अपेक्षा राजनीति सम्मान सूचक बनोस् भन्ने नै हो ।

बाँकी मालदारकै भागबण्डा र गठबन्धन नै राजनीति हो भने अहिलेका दल, नेता र सांसद्हरुलाई भन्नु बाँकी केही छैन । सच्चरित्रको अपेक्षा पनि पुस्तान्तरणमै गरौँ ।

बाह्रखरीबाट

# लामो समयदेखिको टाउको दुखाइ : कारण र उपचार

डा. हरि रिजाल

साधारणतया कसैको निधार, टाउकोको पछाडि, आँखाको गेडी पछाडि वा टाउकोको छालामा मात्रै दुखाइ वा असहज महसुस हुनु भनेकै टाउको दुखाइ हो । टाउको दुख्ने समस्या विश्वव्यापी रुपमा अधिकांश मानिसमा हुने गर्दछ । चिकित्सा क्षेत्रमा सबैभन्दा धेरै गुनासो गरिने समस्यामध्ये यो पनि एक हो ।

करिब ९७ प्रतिशत मानिसमा आफ्नो जीवनकालमा कम्तीमा एक पटक टाउको दुख्ने समस्या देखिन्छ । यो समस्या महिलाहरुमा बढी हुने गर्दछ । टाउको दुखाइमध्ये तनक्क तन्के जसरी दुख्ने (टेन्सन हेडेक) टाउको दुखाइ लगभग ४०.५ प्रतिशत र माइग्रेन १०.५ प्रतिशत व्यक्तिमा पाइन्छ । माइग्रेन सामान्यतया २५ देखि ५५ वर्ष उमेरका व्यक्तिमा बढी हुन्छ । पुरुषको तुलनामा महिलाहरूमा यो समस्या लगभग ३ गुणा बढी हुन्छ ।

अधिकांशमा सबैभन्दा धेरै टाउको दुखाइका कारण माइग्रेन, ओसिपिटल न्युरल्जिया, टेन्सन, क्लस्टर र सरभाइकोजेनिक टाउको दुखाइ नै हुन् ।

**माइग्रेन**

माइग्रेन, दुखाइ मध्येको बढी व्यक्तिमा देखिने टाउको दुखाइको एउटा रूप हो । बारम्बार घोच्ने वा भकभकी हान्ने, सहन सक्नेदेखि गम्भीर अर्धटाउको दुखाइको रूपमा वर्णन गरिन्छ । माइग्रेन भएकामा दुखाइबीच पूर्ण राहत हुन्छ । माइग्रेन भएका बिरामी अँध्यारो र शान्त कोठामा बस्न रुचाउँछन् र शारीरिक गतिविधि वा दैनिक कार्यहरुको बेवास्ता गर्दछन् ।

करिब एक तिहाइ बिरामीले टाउको दुख्नु अगाबै आफैले महसुस गर्ने खालका लक्षण (औरा) महसुस गर्ने गर्छन् । बिरामीले फरक खालका औरा महसुस गर्ने गर्दछन्, त्यसमध्ये मुख्यतः आँखामा प्रकाशको चमक, काला धब्बा र अन्य दृष्टि परिवर्तनहरू र हातमा झन-झन समावेश छन् ।

**ओसिपिटल न्युराल्जिया**

ओसिपिटल न्युराल्जियामा हुने टाउकोको दुखइ निकै कडा खालको हुन्छ । छुरा प्रहार वा विद्युतीय झट्का खालको महसुस हुने टाउको दुखाइ हो । यस प्रकारको टाउको दुखाइ सामान्यतया टाउकोको पछाडि भागमा बढी दुख्ने गर्दछ । यो केही सेकेन्डदेखि केही मिनेटसम्म रहन्छ । यो दुखाइ मुख्यतः टाउकोको ओसिपिटल क्षेत्रबाट उत्पन्न भएर माथिल्लो घाँटी, टाउकोको पछाडि र आँखाको पछाडि फैलिन्छ । आँखाको पीडा, कान बज्ने, चक्कर आउनेसमेत हुन सक्छ ।

**क्लस्टर खालको टाउको दुखाइ**

क्लस्टर एक खालको क्षणिक गम्भीर एकपक्षीय टाउको दुखाइ हो । यो पुरुषहरुमा बढी देखिन्छ । दुखाइ असाध्यै पीडादायी हुन्छ । अक्सर, यस प्रकारको टाउको दुखाइलाई आत्मघाती टाउको दुखाइको रूपमा वर्णन गरिएको छ । क्लस्टर टाउकोको दुखाइ मानवजातिले भोग्ने सबैभन्दा नराम्रो दुखाइ मध्येको एक हो ।

**टेन्सन हेडेक**

यसलाई टाउकोको मांसपेशीबाट उत्पन्न भएको दुखाइको रूपमा लिइन्छ । यो तनावसँग मात्र नभएर टाउको वा घाँटीमा स्नायुसम्बन्धी समस्यासँग सम्बन्धित हुन सक्छ। प्रायः टाउकोको फ्रन्टल, टेम्पोरल र ओसिपिटल क्षेत्र सामेल हुन्छन् । टाउको वरिपरि कडा ब्यान्ड को महसुस हुन्छ ।

**सर्भाइकोजेनिक टाउको दुखाइ**

घाँटीको स्रोतबाट टाउकोमा भएको दुखाइलाई सर्भाकोजेनिक दुखाइ मानिन्छ । यसमा प्रायः घाँटीको नशा च्यापिएको कारण टाउको दुख्ने हुन्छ ।

कसरी कम गर्ने टाउको दुखाइ ? यस्ता छन् उपचारका विकल्प

**केटामिन इन्फ्युजन**

आजकाल टाउको दुखाइ वा अन्य दुखाइमा केटामिनको प्रयोग गरिएको विभिन्न प्रकाशित अध्ययनले देखाएको छ । माइग्रेन दुखाइका लागि अन्तर्देशीय केटामिन प्रभावकारी हुन्छ । रेफ्रेक्टरी क्रोनिक माइग्रेन भएका सबै बिरामीमा पीडा कम भएको महसुस हुन्छ । नियमित रूपमा माइग्रेन अनुभव गर्ने बिरामी जो पेन्किलर र अन्य औषधीसँग प्रभावहीन छन्, तिनीहरूले केटामाइन उपचारबाट फाइदा लिन सक्छन् ।

**बोटुलिनम टोकसिन**

बोटुलिनम टोकसिन माइग्रेनको गम्भीरता र फ्रिक्वेन्सी कम गर्न प्रभावकारी मानिन्छ ।

**ओसिपिटल नर्भब्लक**

ओसिपिटल नर्भब्लक सर्भाकोजेनिक टाउकोको दुखाइ, माइग्रेन र क्लस्टर टाउको दुखाइका साथै ओसिपिटल न्यूरल्जियासहित विभिन्न प्रकारको टाउको दुखाइको उपचारमा प्रभावकारी छ ।

**स्फेनोपालाटिन गनग्लिओन ब्लक**

स्फेनोपालाटिन गनग्लिओन ब्लक माइग्रेन टाउको, क्लस्टर टाउको र धेरै अनुहारको दुखाइ को लागि एक आकर्षक र प्रभावकारी उपचार ढाँचा हो ।

**रेडिओफ्रिक्वेन्सी**

टाउकोको पीडादायी नसाहरूको रेडिओफ्रिक्वेन्सी एब्लेसन एक विकल्प हुन सक्छ ।

स्वास्थ्य खबरबाट

# ग्रामीण क्षेत्रका विद्यार्थीलाई रेडियो

भैरहवा । लायन्स क्लब अफ बुटवल सनसाईनले जिल्लाको ग्रामीण क्षेत्रका विद्यार्थीहरूलाई पठनपाठनमा सहज होस् भन्ने उद्देश्यले आवश्यक सामग्री रेडियो सहयोग गरेको छ । पश्चिम पहुनी माध्यमिक विद्यालयका ४२ जना विद्यार्थीहरूलाई एक /एक सेट रेडियो प्रदान गरिएको बुटवल सनसाईनको अध्यक्ष आरती खरालले बताइन् । रेडियो पाएसंगै कक्षा ४ देखि कक्षा ८ सम्म उक्त विद्यालयमा अध्ययनरत ४२ जना विद्यार्थी प्रत्यक्ष लाभान्वित भएका छन् । बिक्रम २०१६ सालमा स्थापना भएको पश्चिम पहुनी मावि तिलोत्तमा नगरपालिका वडा नम्बर ६ पूर्व पहुनीमा रहेको छ । उक्त विद्यालयको पठनपाठनलाई प्रभावकारी बनाउन विद्यालय व्यवस्थापनले विभिन्न संघसंस्थासँग सहकार्य समेत गर्दै आएको छ ।

विद्यालयका प्रधानाध्यापक दुर्गानारायण श्रेष्ठले लायन्स क्लब अफ बुटवल सनसाईनको सहयोगले विद्यार्थीको एक घर एक रेडियो अभियानलाई टेवा पुगेको बताए ।

प्रअ श्रेष्ठका अनुसार रिड नेपालले तिलोतमा नगरपालिका भित्र १९ विद्यालयमा मेरो रेडियो, मेरो भविष्य कार्यक्रम सञ्चालन गरेको छ । इन्टरनेट, मोबाइल, ल्यापटप किनेर अनलाइन कक्षामा सहभागी हुन नसकेका विद्यार्थीको लागि उक्त कार्यक्रम प्रभावकारी हुने देखिन्छ । लायन्स क्लब अफ बुटवल सनसाईनको ४२ थान रेडियो सहयोगसंगै पश्चिम पहुनीमा अध्ययनरत करिब सबै विद्यार्थी पठनपाठनबाट बञ्चित नहुने देखिएको छ । रिड नेपालले रेडियो कार्यक्रम सुरु गरेसंगै १५ थान रेडियो दिएको थियो । विद्यालयले ५ थान थपेर सुरुमा २१ थान रेडियो वितरण गर्‍यो । त्यसपछि रोटरी क्लब अफ बुटवल चौतारीले ४० थान रेडियो सामग्री दियो भने शनिबार ४२ थान रेडियो लायन्स क्लब अफ बुटवल सनसाइनले सहयोग प्रदान गरेकोछ । रेडियोमा बिहान ८ बजेदेखि ९ बजेसम्म र साँझ साढे ५ बजेदेखि साढे ६ बजेसम्म रेडियो कार्यक्रम पाठ्यक्रममा आधारित भएर सञ्चालन हुने गर्दछ ।




रेडियो हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख अतिथी लायन्स क्लब अफ ३२५ बी २ का भाइस डिस्ट्रिक गभर्नर नवराज न्यौपानेले शिक्षाको क्षेत्रमा लायन्स क्लब अफ बुटवल सनसाईनले गरेको सहयोग महत्वपूर्ण भएको बताए । लायन्स क्लब अफ ३२५ बी २ का प्रमुख सल्लाहकार उमंग देवकोटाले कोभिडका कारण समग्र क्षेत्र प्रभावित भइरहेको बेला सबैभन्दा बढी असर विद्यालयमा परेको बताउँदै महँगो नेट, महँगो मोबाइल वा ल्यापटप किनेर आफ्ना बालबालिकालाई पढाउन नसकेका मजदुर तथा गरिब परिवारका बालबालिकाको पढाईमा सहयोग पुराउने कार्यमा लायन्स क्लब अफ बुटवल सनसाईनले गरेको सहयोग शिक्षाको क्षेत्रमा अतुलनीय रहने बताए ।

रेडियो हस्तान्तरण कार्यक्रममा तिलोत्तमा नगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष सुकदेव न्यौपानेले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको पठनपाठनमा सहयोग पुराउनेगरी गरेको सहयोग उल्लेखनीय भएको बताए । लायन्स क्लब अफ बुटवल सनसाईन स्थापनाकालदेखि नै ग्रामीण क्षेत्रको समुदायमा रहेर सेवा गरिरहेको क्लबको संस्थापक अध्यक्ष जमुना पान्डेले बताइन् ।

गीता न्यौपानेको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खुमबहादुर थापा, बुटवल सनसाईनका प्रथम उपाध्यक्ष रश्मी अर्याल, सचिव संकल्प हमाललगायतले बोल्दै रेडियो माध्यमबाट चलिरहेको पठनपाठनलाई उपयोग गर्नेगरी लायन्स क्लब अफ बुटवल सनसाईनले सहयोग गरेको बताए ।

**प्रधानाध्यापकले लाखौं...**

विद्यालय प्र. अ. र लेखापालको संयुक्त खाता रहेको सनराईज बैंक धुर्कोट, शाइन रेसुंगा विकास बैंक सिमलटारी र राष्ट्रिय वाणिज्य बैंक तम्घासमा रहेका खाताहरूमा जिल्ला पुनर्निर्माण कार्यालय गुल्मीमार्फत निकासा रकम अन्य खातामा जम्मा गरी अनियमितता गरेको आरोप पनि उनीमाथि छ । यस सम्बन्धमा प्रधानाध्यापक केसीसंग सम्पर्क राख्दा उनले लेखापालले हिसाब किताब गर्नमा सहयोग नगरेका कारण सामाजिक लेखा परीक्षण र आन्तरिक लेखा परीक्षण गर्न ढिलाइ हुन गएको प्रतिकृया दिए । अन्य आरोपहरू रिसईबीका कारण लगाइएको उनको जिकिर छ ।

प्रधानाध्यापकलाई किन असहयोग गर्नु भयो त ? भनेर हामीले लेखापाल कपुर घिमिरेसंग जिज्ञाषा राख्दा उनले अहिले आफू धेरै नबोल्ने तर विद्यालयको लेखा परीक्षण पत्रकार सम्मेलन नै गरेर सार्वजनिक गर्नु पर्ने प्रतिकृया दिए ।

त्यस विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष ऋषिराम घिमिरेले प्रधानाध्यापकलाई हिसाब किताब छर्लङ्ग पारेर सार्वजनिक गर्न आफूले ताकेता गरेको र अब छिट्टै उनले बाहिर ल्याउने बताए । व्यवस्थापन समिति अध्यक्ष कृष्ण घिमिरेले प्रधानाध्यापकले रकम हिनामिना नपारेको, मात्र सामाजिक लेखा परीक्षण गर्न ढिलाइ गरेको भन्दै उनको बचाउ गरे । त्यस वडाका वडाध्यक्ष हिमप्रसाद पन्थीले आफूले पनि हिसाब किताब सार्वजनिक गर्न भन्दै आएको र अब थप चासो दिने बताए ।

स्टिमेटअनुसार विद्यालयमा गरिएको काम, खरिद गरिएका सामग्रीको गुणस्तर र संख्यासंग बिल-भरपाइ दाँजेर हेर्ने हो भने अनियममिता आफै छरपस्ट हुने स्रोतको दाबी छ । लामो समयदेखि प्रधानाध्यापक पदका विषयमा अदृश्य द्वन्द्व चल्दै आएकोले पनि प्रधानाध्यापकको कमजोरीलाई पछ्याउँदै आइएको विशेष स्रोतले जनाएको छ ।

**छत्रदेवका विपन्न...**

वाड नम्बर १ मा ३२ र वाड नम्बर ७ मा २१ वटा सोलार दिने र अन्य ६ वटा वडामा २० का दरले दिने गरी काम भइरहेको पन्तले बताए । सिंहदरबारको अधिकार गाउँगाउँमा भन्ने नारा सुनेको बताउने दुनिचौरका प्रेमबहादुर कुमालले साँच्चै स्थानीय सरकार गाउँको दैलोमै आएको बताए । सबै वार्डका विपन्न घरधुरीलाई उज्यालो अभियानमा समावेश गर्ने कार्यक्रमअन्तर्गत सोलार बत्ती वितरण गरिएको हो ।

छत्रदेव गाउँपालिका वडा नम्बर ५ को टुनिचौरका २० घर जनजाति समूहमा पर्ने कुमाल बस्तीमा ८० वाट क्षमता भएका सोलार बत्ती वितरण गरिएको गाउँपालिकाका उपाध्यक्ष तुलसादेवी श्रेष्ठले बताइन् ।

**सैनामैनामा निःशुल्क...**

उनले भने–'नयाँ सवस्टेशन निर्माणका लागि सैनामैना नगरपालिकाले जाग्गा व्यवस्थापन गरेको छ, टेण्डर पनि भैसकेको छ, सवस्टेशन निर्माण पश्चात यहाँहरूको घरमा लोभोल्टेजको समस्या हट्ने छ ।' नेपाल सरकारको नीतिअनुसार २० यूनिटसम्म बिजुली खपत गर्ने गरिब परिवारलाई निःशुल्क विद्युत् उपलब्ध गराइएको नेपाल विद्युत् प्राधिकरण बुटवल शाखाका प्रमुख सुरेशकुमार महतोले बताए ।

निःशुल्क रूपमा मिटर पाएपछि आफूहरूलाई धेरै राहत महसुस भएको मिटर प्राप्त गर्नेको प्रतिक्रिया रहेको थियो । कार्यक्रममा सैनामैना नगरपालिका उपप्रमुख विना राना, सैनामैना नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थी, सैनामैना नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष डोलनाथ भण्डारीलगायतले बोलेका थिए ।

**स्वदेशकै कृषि...**

'अर्काको लागि पसिना बगाउनुपर्दा निकै पोलिरहनथ्यो, तर डुबेको लगानी सम्झिँदा बस्नुपर्ने बाध्यता पनि थियो ।'- उनी भन्छन् । 'म पनि अब गाउँमै केही गर्छु ,गाउँकै माटोसङ्ग लडिबुढी गर्छु भन्ने अठोट लिएर फर्किएँ ।'- उनी भन्छन् ।

विगत ३ वर्षदेखि ज्ञवाली अहिले कृषि कर्ममा पुनः फरक शैलीमा होमिएका छन् । उनलाई साथ दिन उनका भाइ कपिल ज्ञवालीसहित उनको पुरै परिवार नै कृषि कर्ममा होमिएको छ । 'प्राविधिक ज्ञान थिएन, सिँचाईको पनि त्यति राम्रो व्यवस्थापन हुन सकेन । जति लगानी त्यति बराबरको मात्रै उत्पादन बेच्यौं ।'- उनले बताए । पहिलो वर्ष लगानी मात्र उठेको तर श्रम पुरै खेर गएकोले घाटा बेहोर्नुपरेको उनको भनाई छ ।

मल्चिङ, थोपा सिँचाईलगायत अन्य प्राविधि प्रयोग गरेमा कृषि कर्मबाट निकै राम्रो हुने बुझेपछि ३० रोपनी जग्गा लिजमा लिएर करिब २५ लाख लगानीमा ५५ वटा टनेल र एउटा १२ रोपनी जग्गामा एन्टिहेल नेट प्रविधि प्रयोग गरी ठूलो मात्रामा टमाटर खेती सुरु गरेको उनी बताउँछन् । टनेल पनि आफूहरु दुई भाइ मिलेर बनाएको ज्ञवालीको भनाइ छ । अहिले सिँचाईको अभाव पनि छैन । उनीसंग आफ्नै प्राइभेट लिफ्टिङ पानी छ । फार्मभन्दा ४ सय मिटर तलबाट लिफ्टिङ पानी ल्याई साढे २ लाख लिटर पानी अटाउने प्लास्टिक पोखरी समेत बनाएको उनले बताए ।

यसरी प्रविधिसङ्ग जुधेर खेती गर्दा अहिले पुरै लगानी उठाएर पनि ८ लाखभन्दा धेरै नाफामा पुगिसकेको ज्ञवालीको भनाइ छ । दाजुभाइ कृषि फार्मले आफ्नो उत्पादन आफै बिक्री गर्दै आएको छ । 'स्वतन्त्र रुपमा आफैले बजारीकरण गरेका छौं, बिचौलियाहरुले नाफा खान पाएका छैनन् । आफ्नो उत्पादन आफैले बजारीकरण गर्दा हुने नाफा र बिचौलियाहरुलाई दिँदा धेरै फरक पर्छ ।'- उनले भने । अहिले करिब ६ सय क्विन्टल टमाटर उत्पादन भएकोमा ४ सय क्विन्टल गुल्मी र बाँकी बुटवलमा लगेर बेचेको उनको भनाइ छ । दैनिक ४० केजी अकबरे खुर्सानी पनि बेच्दै आएको उनी बताउँछन् । आगामी बैशाखदेखि अरु कृषकले यदि आफूसंग मिलेर स्वतन्त्र बजारमा उत्पादन बेच्न चाहेमा आफूले बजारीकरण गरिदिने उनको भनाइ छ । उनले यो बर्ष थप २० रोपनी जग्गा लिजमा लिएर फार्मलाई थप बिस्तार गर्न लागेका छन् । नाकै मुनि फार्म संचालन भइरहँदा पनि अझैसम्म गाउँपालिकाबाट ज्ञवालीको फार्म अनुगमन भएको छैन, स्थानीय तहबाट कुनै अनुदान उनले पाएका छैनन् । 'कुनै पार्टीको झोले भएको भए मैले अनुदान पाउँथे होला, तर म स्वतन्त्र किसान, टेबल टक गर्न जान भ्याउँदिन, उत्पादन तिर ध्यान दिन्छु । आजसम्म कसैले केही अनुदान दिएको छैन ।'- उनी बताउँछन् । वास्तविक किसान पहिचान गरेर मात्र अनुदान उपलब्ध गराउनुपर्ने र कृषकलाई हौसला दिनुपर्ने उनको भनाइ छ । सरकारले कृषकलाई छुट्याइएको अनुदानमा आफ्नो पनि अधिकार रहेको उनी बताउँछन् । उनले फार्म संचालन गरेबापत २ वर्षको कर समेत तिरिसकेका छन् ।

ज्ञवालीले गाउँमा रोजगारी समेत दिएका छन् । २ जना कामदार पहिलेदेखि नै निरन्तर काम गर्दै आएका छन् भने अन्य बेलामा पनि गाउँका धेरैलाई त्यहाँ रोजगार मिलेको छ । आगामी दिनमा सरकारले पनि आफ्नो कर्ममा साथ र सहयोग दिए यस् क्षेत्रकै नमुना कृषक बनेर देखाउने हिम्मत २८ बर्षिया ज्ञवालीको रहेको छ ।

## Invitation for Bids

Siddharthanagar Municipality
Office Of Municipal Executive
Siddharthanagar, Rupandehi
Invitation for Bids for the Construction of School Building at, Siddharthanagar Municipality, Ward No.11 ,Rupandehi
Contract Identification No: - NCB/SNP-13/078/079
Date of publication: September-6, 2021

1. Siddharthanagar Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of School Building works at Bhujauli Basic School of under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 7,813,732.97 (Without VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office OfPPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp..Bidders, submitting their bid electronic should deposit the cost(asspecified above) of bidding document NRs.3,000.00 in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Agriculture Development Bank,Siddharthanagar,Rupandehi
   Name of Office: Siddharthanagar Municipality
   Office Code no. 801054805
   Office Account no.: 0-146-01145634-20-8
   Rajaswa (revenue) Shirshakno. :14229
4. Pre-bid meeting shall be held at Siddharthanagar Municipality **Meeting Hall at 26th September, 2021, Time: 13:00 PM**
5. Electronic bids must be submitted to the office of SiddharthanagarMunicipality-5, Rupandehi_ by through PPMO website www.bolpatra.gov.np/egpbefore 12:00 Noon on 8th October, 2021, Bids received afier this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:15 PM, 8th October, 2021 at the office of **Siddharth Municipality, Siddharth 5, Rupandehi.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs, 240,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer
Siddharthanagar Municipality

## Bhumikasthan Municipality
## Office of the Municipal Executive

**Nuwakot, Arghakhanchi**
Lumbini Province, Nepal

**Invitation for Bids for the The Procurement of Medicine Supply**

**Contract Identification No: 01/BMA/G/MSS/078/79**
**Second Date of publication: 06-09-2021 10:00**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for The Procurement of Medicine Supply. (IFB No: 01/BMA/G/MSS/078/79). Bidding is open to all eligible Nepalese Bidders.
2. The Bhumikasthan Municipality invites sealed and or electronic bids from eligible bidders for the procurement ofThe Procurement of Medicine Supply. under National Competitive Bidding procedures specified in PublicProcurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of BhumikasthanMunicipality Bhumikasthan Municipality
   Arghakhanchi Lumbini Province
   Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. AcompletesetofBiddingDocumentsmaydownloadfromPPMOegpsystemwebsitewww.bolpatra.gov.np/egp.and must be submitted with bank voucher of non-refundable fee1000.0 NRs till 21-09-2021 12:00.
   **Name of the Bank:** Century Commercial Bank Ltd.
   **Name of the Office:** Bhumikasthan Municipality
   **Office Code no:**
   **Office Account no:** 0900000013GE (Rajaswa(Internal revenue))
5. Pre-bid meeting shall be held at :Bhumikasthan Municipality, ArghakhanchiLumbini Province, Nepal at 15-09-2021 13:00
6. ElectronicbidsmustbesubmittedtotheofficeBhumikasthanMunicipality,ArghakhanchiLumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np.on or before 21-09-2021 12:00. Bidsreceived after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 21-09-2021 13:00hours at the office of Bhumikasthan Municipality, Arghakhanchi
   Lumbini Province, Nepal
   Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scannedcopy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 37500.0NRs which shall bevalid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall beconsidered as the last date. In such case the validity period of the bid security shall remain the same as specified forthe original last date of bid submission

## श्री पाल्ही आधारभुत विद्यालय

**पाल्ही नन्दन गा पा–२ अमानिगंज नवलपरासी**
स्थापना २००५
विद्यालयको कोड नं ४८०२६०००३

### विषय शिक्षक आवश्यकता

*मिती २०७८/०५/२०*

उपरोक्त सम्बन्धमा यस पाल्ही नन्दन गा पा को कार्यालयको च न ३४७ मिती २०७८/५/०२ को प्राप्त अनुमती पत्रनुसार तथा यस विद्यालयको विद्यालय ब्यवस्थापन समितीको मिती २०७८ /०५ /१७ को निर्णय अनुसार यस विद्यालयमा करार शिक्षक प्रा वि तह तृतीय श्रेणीका शिक्षक पद रिक्त भएकोले उक्त पद पुर्तिका लागि तपसिल बमोजिमका उल्लेखित योग्य तथा ईच्छुक अनुभवी नेपाली नागरिकबाट दरखास्त दिनको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१ **विज्ञापन नं** : १/०७८/०७९
२ **पद संख्या** : १ जना
३ **तह र श्रेणी** : प्राथमिक तह तृतीय श्रेणी ।
४ **शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट + २ वा सो सरह उतिर्ण गरेको ।
५ **न्युक्तीको किसिम** : करार
६ **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष न नाघेको
७ **दरखास्त दस्तुर** : १,५०० रु एक हजार पांच सय मात्र ।
८ **तलब स्केल** : नेपाल सरकारको प्रचलित स्केल अनुसार ।
९ **परीक्षाको किसिम** : लिखित मौखिक आवश्यक परे प्रयोगातमक ।
१० **दरखास्त दिने अन्तिम मिती** : २०७८/०६/०५ गते दिउसो ४बजे सम्म ।
११ **सम्पर्क मिती** : २०७८/०६/०६ गते ।
१२ **परीक्षा मिती** : सम्पर्क मितीको दिन तोकिनेछ ।
१३ **आवश्यक कागजात** :
(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलीपी ।
(ग) निरोगिताको प्रमाण पत्र ।
(घ) अध्यापन अनुमती पत्र ।
१४ **आवेदन दिने स्थान** : पाल्ही आधारभुत विद्यालय पाल्ही नन्दन -२ अमानिगंज ।
१५ **सम्पर्क नं** : ९८४७२७५१६१ ।

*नोट : माथिल्लो शैक्षिक योग्यता भएकालाई विशेष ग्राहिता/प्राथमिकता दिने छ ।*

## श्री हरपुर माध्यमिक विद्यालय

**पाल्ही नन्दन गा पा–२ हरपुर नवलपरासी**
स्थापना : २०४२
विद्यालयको कोड ४८०२६०००१

### विषय शिक्षक आवश्यकता

*मिती २०७८/०५/२०*

उपरोक्त सम्बन्धमा यस पाल्ही नन्दन गा पा को कार्यालयको च न १६१८ मिती २०७७/११/१६ गते गांउ शिक्षा समितीको मिती २०७७/११/१४ को निर्णय तथा मिती २०७८/०५/१६ गतेको विद्यालय ब्यवस्थापन समितीको निर्णययानुसार यस विद्यालयमा करार शिक्षक तह प्रा वि श्रेणी तृतीयको दरबन्दी संख्या १ को पद रिक्त रहेको हुंदा सो पद पुर्तिका लागि तपसिल बमोजिमका उल्लेखित पदका लागि योग्य तथा ईच्छुक अनुभवी नेपाली नागरिकबाट दरखास्त दिनको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१ विज्ञापन नं : ३/०७८/०७९
२ पद संख्या : १ जना
३ तह र श्रेणी : प्राथमिक तह / तृतीय श्रेणी ।
४ शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उतिर्ण गरेको ।
५ न्युक्तीको किसिम : करार
६ उमेर : १८ वर्ष पुरा भई ४० वर्ष न नाघेको ।
७ दरखास्त दस्तुर : १,५०० रु एक हजार पांच सय मात्र ।
८ तलब स्केल : नेपाल सरकारको नियमअनुसार ।
९ परीक्षाको किसिम : लिखित मौखिक आवश्यक परे प्रयोगातमक ।
१० दरखास्त दिने अन्तिम मिती : २०७८/०६/०७ गते दिउसो ४ बजे सम्म ।
११ सम्पर्क मिती :२०७८/०६/०८ गते ।
१२ परीक्षा मिती : सम्पर्क मितीको दिन तोकिनेछ ।
१३ आवश्यक कागजात :
(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलीपी ।
(ग) निरोगिताको प्रमाणपत्र ।
(घ) अध्यापन अनुमती पत्र ।
१४ आवेदन दिने स्थान : हरपुर माध्यमिक विद्यालय पाल्ही नन्दन-२ हरपुर नवलपरासी ।
१५ सम्पर्क नं : ९८४७०८०७४० / ९८०५४८३१४३ ।

*नोट माथिल्लो शैक्षिक योग्यता भएकालाई विशेष ग्राहिता /प्राथमिकता दिईने छ ।*

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनु परेमा**

सेफ्टी ट्यांकी रिङ्ग भरिएमा सिट नाली, जाम भएर समस्या परेको छ । हामी तपाईको समस्या **५ मिनेट** मै हल गरिदिनेछौं । **हाम्रा विशेषताहरुः** सबैभन्दा बढी क्षमता पावरफूल रोटर भ्याकुम पम्प, बिजुली आवश्यक नपर्ने, अत्याधुनिक प्रविधि, पश्चिमाञ्चल भरी वा जुनसुकै स्थानमा पनि सेवा दिन सकिने ।

**गगन सेनेटरी**
बुटवल-१० सुख्खानगर, रूपन्देही
फोन नं ,९८१५४४७६४८,९८०४४१३२८७, ९८६७०२१६१४

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर भैरहवा, बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीज मेशिनद्वारा सेफ्टी टंकी, ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिने छ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

**सम्पर्क : सफा सेनेटरी**
सि.न.पा.-९, अञ्चलपुर भैरहवा, रूपन्देही मो.
९८४७०२३१५१, ९८०४४७२६९०, ९८०४४३१५७८

न.प.जि.प्र.का.द.नं.४/०४५/०४६
दैनिक लुम्बिनी

# बुटवलमा विद्वत् परिषद् गठन

## बुटवलको पहिचान बढाउने अभियान सञ्चालन गर्न आग्रह



बुटवल । बुटवल उप-महानगरपालिकामा गठन भएको भाषा, साहित्य, कला, संस्कृति प्रतिष्ठानका पदाधिकारी र सदस्यहरूलाई शपथ ग्रहण गराइएको छ ।

भाषा, साहित्य, कला र संस्कृतिको उन्नयन र विकासका लागि स्थानीय तहबाट स्थानीयस्तरको प्रज्ञा प्रतिष्ठानको मोडलमा पालिकाले कानून बनाएर गठन भएको यो मुलुककै पहिलो प्रतिष्ठान हो ।

भाषा, साहित्य, कला र संस्कृति प्रतिष्ठान स्थापना र सञ्चालनका लागि बनाइएको ऐन बमोजिम उक्त प्रतिष्ठान गठन भएको थियो । उप-महानगरका प्रमुख एवम् प्रतिष्ठानका प्रमुख संरक्षक शिवराज सुवेदीले आइतबार एक संक्षिप्त समारोहबीच प्रतिष्ठानका अध्यक्ष झपेन्द्र जिसीलाई शपथ ग्रहण गराए । त्यसपछि जिसीले पदाधिकारी र सदस्यहरूलाई सपथ ग्रहण गराएका थिए ।

शपथ ग्रहण गराएपछि संक्षिप्त शुभकामना व्यक्त गर्दै प्रमुख सुवेदीले बुटवलको पहिचान बढाउने खालको भाषा, साहित्य र सिर्जनाका कामलाई प्राथिमकतामा राखेर अभियान सञ्चालन गर्न जरूरी रहेको उल्लेख गरे ।

राष्ट्रिय स्वाभिमानको जितगढी किल्लालाई केन्द्रमा राखेर समग्र बुटवलको पहिचान स्थापित गर्नेगरी साहित्य साधनाका काम अगाडि बढाउनुपर्ने बताउँदै प्रमुख सुवेदीले अभियानमा सबै क्षेत्र र पक्षलाई समेटेर अगाडि बढ्न आग्रह गरे । उपप्रमुख तथा प्रतिष्ठानका संरक्षक गुमादेवी आचार्यले भाषा, साहित्य, कला र संस्कृतिको उन्नयन र विकासका लागि आ-आफ्नो प्रतिभालाई सदुपयोग गरेर असल नियतका साथ जिम्मेवारी वहन गर्दै अगाडि बढ्न आग्रह गरिन् ।

प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद रेग्मी, वरिष्ठ अधिकृत भुवाप्रसाद लुइँटेललगायतले प्रतिष्ठानलाई कार्ययोजना बनाएर प्रभावकारी र रचनात्मक अभियान सञ्चालन गर्न आग्रह गरे । विज्ञ झपेन्द्रबहादुर जिसीको अध्यक्षतामा गठित प्रतिष्ठानको उपाध्यक्षमा लक्ष्मी गुरूङ, सचिवमा दलबहादुर गुरूङ र कोषाध्यक्षमा सीता ढुंगाना काफ्ले रहेका छन् ।

प्रतिष्ठानका सदस्यहरूमा डा.शालिकराम पौडेल, इन्दिरा अर्याल, नारायणबहादुर थापा, चिरन बराल, कपिल ज्ञवाली, चौतारे थारू, रामचन्द्र श्रेष्ठ, झविन्द्र थापा र वीरेन्द्र अग्रहरी रहेका छन् । प्रतिष्ठानले कार्ययोजना बनाउने, मनोनित गर्ने, सल्लाहकार छनौट गर्ने र विद्वत् सभामा पेश गर्नेलगायतका काम गरिने अध्यक्ष जिसीले बताए ।

प्रतिष्ठानको आइतबारै बसेको प्रथम बैठकले भाषा, साहित्य, कला र संस्कृतिको उन्नयन र विकासका लागि अभियान सञ्चालन गर्ने अवसर दिएको भन्दै उपमहानगरलाई आभार प्रकट गरेको छ । साथै आगामी १० महिने कार्ययोजना बनाउने समेत निर्णय गरेको सचिव दलबहादुर गुरूङले जानकारी दिए ।

# सामूहिक लगानीमा कृषि उद्यम गर्दै उद्योग व्यापार संघ

बुटवल । उद्योग व्यापार संघ बुटवलको वार्षिक कार्ययोजना कार्यशाला गोष्ठीमार्फत सामूहिक लगानीमा कृषि उद्यमको योजना बनाइएको छ ।

कपिलवस्तुको वाणगंग-३ राजापानीमा सम्पन्न दुईदिने कार्यशाला गोष्ठीले स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सामूहिक लगानीमा कृषिमा आधारित उत्पादनमूलक उद्यम सुरु गर्नेलगायतका योजनाहरू पारित गरेको छ । यस्तै संघको सचिवालयका लागि जग्गा प्राप्ति र भवन निर्माणको तयारी, सदस्यता वृद्धि, आजीवन सदस्यता वितरण, महिला उद्योगी-व्यवसायीलाई सीपमूलक तालिम दिने योजना पारित गरेको छ । यस्तै औद्योगिक प्रदर्शनी तथा सांस्कृतिक महोत्सवको तयारी, संघमा आबद्ध उद्योगी व्यवसायीलाई कोरोनाविरुद्धको खोप लगाउने कार्यलाई निरन्तरता तथा कोरोना नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम गर्ने योजना पारित भएको छ । यस्तै मौद्रिक नीति, राजस्व, भन्सार, आयकरसम्बन्धी गोष्ठी र सेमिनार गरी उद्योगी व्यवसायीलाई जानकारी गराउने योजना पनि पारित भएको छ ।

यस्तै आर्थिक क्षेत्रमा कलम चलाउने पत्रकार मध्येबाट हरेक दुई वर्षमा एकजना पत्रकारलाई आर्थिक पत्रकारिता पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ । यस्तै प्राकृतिक विपद्बाट पीडित तथा अति विपन्न, अनाथ, अपांग वर्गलाई राहत र सहयोग प्रदान गर्ने योजना पनि संघले पारित गरेको छ ।

कार्यशाला गोष्ठीमा प्रशिक्षणमूलक मन्तव्य राख्दै नेपाल राष्ट्रिय उद्योग व्यापार संगठनका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश महासचिव खिमनारायण पराजुलीले देशको अर्थतन्त्रको मेरूदण्ड उद्योगी व्यवसायी नै भएको उल्लेख गर्दै संघले स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि नेतृत्वदायी भूमिका खेल्नुपर्नेमा जोड दिए । संगठनका केन्द्रीय सदस्य एवं संघका पूर्व अध्यक्ष खेम श्रीसले परनिर्भर र आयातमुखी व्यापारलाई निर्यातमुखी बनाउनेतर्फ संघको ध्यान केन्द्रित हुनुपर्नेमा जोड दिए । संघका निवर्तमान अध्यक्ष प्रविणबहादुर पाठकले राज्यलाई कर तिरेर योगदान दिने उद्योगी व्यवसायीका समस्या र मागप्रति सरकारी निकायले बेवास्ता गरेकाले दबाब दिनुपर्ने धारणा राखेका थिए ।

संघका अध्यक्ष गोबिन्दप्रसाद गैरेले अघिल्लो कार्यसमितिले अघि सारेका अधुरा कार्यलाई निरन्तरता दिँदै कार्याशाला गोष्ठीले पारित गरेका योजनाहरू पूर्णरूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यशालामा उद्योग उपाध्यक्ष विष्णुप्रसाद पाण्डे, वाणिज्य उपाध्यक्ष लोकनाथ पन्थी, महासचिव पदम जीसी, सचिव यमलाल मरासिनी, सह-कोषाध्यक्ष नम्रता थापा, गोष्ठी संयोजक जनेश पन्थीले आ-आफ्ना धारणा राख्दै उद्योगी व्यवसायीका समस्या र सुख दुःखमा साथ दिँदै संघलाई साना, मझौला र ठूला सबैखाले उद्योगी, व्यवसायीको साझा र नेतृत्वदायी संस्था बनाउनुपर्ने प्रतिबद्धता जनाएका थिए । संघमा हाल ६ सय उद्योगी व्यवसायी आबद्ध छन् । कार्यशाला गोष्ठीपछि संघले वाणगंगा लखनपरास्थित लुम्बिनी बहुउद्देश्यीय एग्रो फार्मको अवलोकन समेत गरेको थियो ।

# राष्ट्रिय युवा संघ नेपालमा रेग्मी

सैनामैना । नेकपा एमाले निकट भातृ संगठन राष्ट्रिय युवा संघ नेपाल सैनामैनाले संगठन विस्तार गर्न तीब्र गतिमा लागेको छ । न्यायप्रेमी युवाहरू राष्ट्रिय युवा संघमा समाज परिवर्तन युवाको काँधमा भन्ने मूल नाराको साथ स्थापना भएको संघले आइतबार सैनामैना नगरपालिकाको वडा नम्बर २ मा युवा भेला तथा अधिवेशन गरेको छ ।

राष्ट्रिय युवा संघ नेपाल वडा नं. २ को बृहत् भेलाबाट विष्णु रेग्मीको नेतृत्वमा ५८ सदस्यीय रहने गरी वडा कमिटी गठन भएको छ । जसको उपाध्यक्षमा शेरबहादुर गाहा, सचिवमा किशोरजंग कार्की, सह-सचिव पुरन राना रहेका छन् ।

राष्ट्रिय युवा संघ नेपाल वडा नं. २ को नवगठित कमिटीलाई बधाई तथा शुभकामना व्यक्त गर्दै नेकपा एमाले रूपन्देही जिल्ला सचिवालय सदस्य तथा सैनामैनाका नगरप्रमुख चित्रबहादुर कार्कीले सामाजिक परिवर्तनको मूल जिम्मेवारी यूवाहरूको काँधमा हुनुपर्ने बताए । यसका लागि यूवाहरू एकजुट भइ ईमान्दारिका साथ सामाजिक, आर्थिक र सांगठनिक कार्यमा लाग्न जरूरी रहेको कार्कीले बताए ।

यूवासंघमा आवद्ध यूवाहरू अनुशासित, ईमान्दर र ईलम यूक्त हुन जरूरी रहेको नगर इञ्चार्ज खुशीराम चौधरीले बताए । कार्यक्रममा राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय सदस्य एवं सैनामैना नगर कमिटी नगर अध्यक्ष प्रेम थापा, नेकपा एमाले नगर संयोजक चेतनारायण न्यौपाने, सैनामैना वडा नं. २ का वडाअध्यक्ष कामदेव भुषाल नेकपा एमालेका दुर्गा गौतम, अमर कंडेल, अनेमा संघ सैनामैनाका अध्यक्ष मञ्जु ज्ञवाली, अनेरास्वावियूका ऋषि रिजाललगायतले नवगठित कमिटीलाई बधाई तथा शुभकामना दिएका थिए ।

# चन्द्रौटामा खुल्ला भलिबल

चन्द्रौटा । नेपालमा निकै लोकप्रिय रहेको भलिबल खेल शिवराज नगरपालिका वडा नं. ५ मा राइजिङ्ग स्टार युवा क्लबको आयोजनामा प्रथम पुरस्कार १ लाख नगदसहित भलिबल प्रतियोगिताको आयोजना गरिएको क्लबका अध्यक्ष प्रदिप थापाले पत्रकार सम्मेलनमार्फत जानकारी दिए । चन्द्रौटा क्षेत्रमा पहिलो पटक खुला भलिबल प्रतियोगिताको आयोजना गरिएको र धेरैभन्दा धेरै टिमको सहभागिता गराउने क्लबको योजना रहेको भलिबल प्रतियोगिताका संयोजक भरत पुन (शैलेन्द्र) ले जानकारी दिए ।

भलिबल प्रतियोगिता असोज १ गतेदेखि ६ गतेसम्म सञ्चालन गरिने खेलमा भदौ ३० गतेसम्म टिम दर्ता हुनु पर्ने पुनले बताए । चन्द्रौटा क्षेत्रमा पहिलो पटक १५ लाख बराबरको धनराशीमा सञ्चालन गरिने प्रतियोगिता नकआउट नियमको आधारमा सञ्चालन हुने आयोजक क्लबले जानकारी दिएको छ । पत्रकार सम्मेलनमा भलिबल प्रतियोगिताका संयोजक पुनले राजनीतिले युवहरूलाई प्रयोग मात्र गर्ने गरेकोले युवहरू निरास बन्दै गएकाले खेलले युवाहरूलाई आर्थिकरूपमा सवल र सक्षम बनाउने बताए ।

कार्यक्रममा बोल्दै क्लबका अध्यक्ष थापाले खेललाई राजनीतिभन्दा टाढा राखिनु पर्ने बताए । स्थानीय क्षेत्रबाट यहाँ उत्पादन भएका खेलाडीहरूले सहयोग नपाएकाले अन्य जिल्लामा गइ खेल्नुपर्ने बाध्यता भएकोले यस प्रतियोगिताबाट सकारात्मक संदेश दिन खोजिएको उनले बताए । कार्यक्रम सञ्चालनको विषयमा सम्बन्धित निकायहरूसंग छलफल समेत भइरहेको उनले बताए । भलिबल प्रतियोगिता पुरूष र महिला दुबै खेल हुने आयोजकले जनाएको छ । भलिबल प्रतियोगितमा ४० टिमको सहभागिता रहने, प्रथम, द्वितीय, तृतीय र सान्तवना पुरस्कारसहित मेडल तथा प्रमाण पत्रको व्यवस्था समेत भएको बताए ।

कार्यक्रम अरूण सेनको सञ्चालन, शिद्धिमान जिसीको स्वागत, शिवराज नगर खेलकुद विकास समितिका संयोजक नेत्र बेल्बासेको प्रमुख आतिथ्यता र प्रदिप थापाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# बाढीपीडित परिवारलाई सहयोग



परासी । पश्चिम नवलपरासीमा बाढीमा परि ज्यान गुमाउने तथा बेपत्ता परिवारलाई नगद रकम हस्तान्तरण गरिएको छ । अमेरिकामा रहेका नेपालीहरूको संस्था देउराली फाउन्डेसनले रकम संकलन गरी नवलपरासीको बाढीमा परि ज्यान गुमाउने तथा बेपत्ता परिवारलाई नगद रकम हस्तान्तरण गरेको हो ।

देउराली फाउन्डेसनले नेपाल पत्रकार महासंघ जिल्ला शाखा पश्चिम नवलपरासीको समन्वयमा बाढीमा परि ज्यान गुमाउने तथा बेपत्ता परिवारलाई घरमै नगद रकम हस्तान्तरण गरिएको शाखा अध्यक्ष हरि शर्माले जानकारी दिए ।

यही भदौ ११ गते आएको बाढीले नवलपरासी पश्चिममा तीन जनाले ज्यान गुमाएको र बाढीले बगाउँदा एक जना बेपत्ता भएकोमा पीडित परिवारलाई नगद रकम हस्तान्तरण गरिएको अध्यक्ष शर्माले बताए ।

अमेरिकामा रहेकी नेपाल पत्रकार महासंघ पश्चिम नवलपरासीकी सदस्य सरू शर्माको पहलमा देउराली फाउन्डेसनले ४४ हजार रकम संकलन गरी पठाएको र नेपाल पत्रकार महासंघको समन्वयमा ज्यान गुमाउने तथा बेपत्ता परिवारलाई प्रति परिवारलाई ११ हजारका दरले नगद रकम हस्तान्तरण गरिएको शाखा सचिव राजकुमार रेश्मीले जानकारी दिए ।

बाढीले रामग्राम नगरपालिकाको वडा नं. १८ पम्पपुरका बाबु विनोद पासी र छोरा प्रदिप पासीलाई बाढीले बगाएको उनीहरूको परिवारलाई ११/ ११ हजार नगद, तुरिया खोलामा आएको बाढीले बगाउँदा सुनवल नगरपालिकाको वडा नं. ४ का एलिसा तमाङको बुवालाई ११ हजार नगद र सुनवल नगरपालिकाको वडा नं. २ बतत्रोलि बभन थारूले झरहि खोलामा दाउरा निकाल्दा जाँदा खोलामा आएको बाढीले बगाउँदा बेपत्ता भएको उनको परिवारलाई ११ हजार नगद रकम हस्तान्तरण गरिएको महासंघले जनाएको छ । जिल्लामा बाढीले बगाउँदा बेपत्ता भएकाको शव अझै फेला परेको छैन ।

# अखिल क्रान्तिकारीको इकाई सम्मेलन




बुटवल । अखिल क्रान्तिकारी सिद्धार्थ गौतम बुद्ध क्याम्पसको आठौ इकाई सम्मेलन सम्पन्न भइको छ । सम्मेलनले हिमाल खनाललाई अध्यक्षमा निर्विरोध चयन गरेको छ ।

इकाईको वरिष्ट उपाध्यक्षमा जीवन शर्मा, उपाध्यक्ष दिव्या भुषाल, उपाध्यक्ष केशव पौडेल, सचिवमा शिशिर के.सी., सह-सचिवमा गोपाल दर्लामी, कोषाध्यक्षमा बसन्ता बस्नेत गरी ४१ सदस्य रहेको ईकाइ गठन गरेको हो । कार्यक्रम ईकाइ सम्मेलन संयोजक काशिराम आचार्यको अध्यक्षतामा भएको थियो । प्रमुख अतिथीको रूपमा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य अनुप पोख्रेल, विशिष्ट अतिथीको रूपमा नेकपा माओवादी केन्द्र रूपन्देहीका जिल्ला सचिवालय सदस्य तथा विद्यार्थी फ्रयाक्सन इञ्चार्ज चेतन पन्त, विद्यार्थी इञ्चार्ज रूपेश पौडेल, केन्द्रीय सदस्य विक्रम राना, जिल्ला संयोजक विष्णु खत्री, लुम्बिनी बौद्ध विश्वविद्यालय इञ्चार्ज माधव पाण्डे, लुम्बिनी प्रदेश स्वयमूसेवक विभाग प्रमुख सागर पन्थ, विजय आचार्य, सौरभ भुषाल, शपन पौडेल, रमेश गैह्रे टिकाराम आचार्य, माधव अर्याललगायतका विद्यार्थी नेताहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथी पोख्रेलले अखिल क्रान्तिकारीले विद्यार्थी हकहितका लागि आन्दोलनको मूल नेतृत्वदायी भूमिका खेल्दै आएकोले सोहीअनुरूप नवनिर्वाचित समितिलाई अगाडि बढ्न आग्रह गरे । कार्यक्रममा चेतन पन्त, विक्रम राना, विष्णु खत्री, माधव पाण्डे, सागर पन्त, विजय आचार्य, सौरभ भुषालले शुभकामना मन्तव्य दिएका थिए । नवनिर्वाचित खनालले कार्यक्रममा आफ्नो प्रतिबद्धता पत्र प्रस्तुत गर्दै आउने दिनमा अखिल क्रान्तिकारीलाई अझ सशक्त रूपले विद्यार्थी आन्दोलनमा अगाडि बढाउने र शेक्सन कमिटी विस्तारमा शसक्त ढंगले अगाडि बढ्ने बताए ।

कार्यक्रम उपाध्यक्ष कृष्ण खनालको स्वागत मन्तव्य र हिमाल खनालको सञ्चालनमा सम्पन्न भएको थियो ।

# भवन बनाउँदै विद्युतीय व्यवसायी संघ



बुटवल । रुपन्देही विद्युतीय व्यवसायी संघले तिलोत्तमा - ७ भलबारीमा संघको भवन बनाइरहेको छ । निर्माणाधीन भवन निर्माणको काम तीब्र गतिमा अगाडि बढेको संघले जनाएको छ। सामाजिक काम, काजक्रिया गर्दा समेत उपयोग गर्ने उद्देश्य राखेर निर्माण गर्न लागिएको उक्त भवनको शनिबार पहिलो तला ढलान सकिएको छ ।

संस्थाका अध्यक्ष हरिहर ज्ञवालीले निर्माण कार्य तीब्र गतिमा रहेको र छिट्टै भवनबाट सेवा लिन सकिने बताए ।

# खोलामा डुबेर एक बालकको मृत्यु

नवलपुर । नवलपरासी पूर्व नवलपुरको विनयी त्रिवेणी गाउँपालिका-५ मा रहेको भैंसेखोलामा डुबेर स्थानीय एक बालकको मृत्यु भएको छ । शनिबार दिउँसो पौडी खेल्न गएका विनयी त्रिवेणी-५ देउरालीका ५ वर्षीय बसन्त तरामुमगर साँझ खोलामा डुबीरहेको अवस्थामा फेला परेका थिए ।

खोलामा डुबेको अवस्थामा भेटिएका बसन्तलाई उपचारको लागि मध्यविन्दु जिल्ला अस्पताल डण्डा लगिएकोमा शनिबार राति डाक्टरले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्वका डीएसपी दिलिपकुमार गिरीले बताए ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



अन्तर्राष्ट्रिय स्तरको दाँत सम्बन्धि सम्पूर्ण उपचार सेवा
Multispecialist Center
हाम्रा विशेषताहरू:
◆ Oral & Maxillofacial Surgery, च्यापु दाँत, दुर्घटनामा परि अनुहारको हड्डी भाँचिएको उपचार, पुरानो चोटपटकको दाग हटाउने कस्मेटिक सर्जरी सामान्य तथा जटिल किसिमको दाँत निकाल्ने सेवा तथा विशेष शल्यक्रिया सेवा Endodontist द्वारा दाँतको जरैदेखि विशेष उपचार RCT गरिने RCT गर्दा पटकपटक आउन नपर्ने एकैदिनमा गर्न सकिने RCT Endo Motor को प्रयोग गरि विशेषज्ञद्वारा गरिने Periodontist and Oral implantology द्वारा कृतिम दाँतको प्रत्यारोपण Implant सेवा साथै गिजा सम्बन्धि सम्पूर्ण उपचार Endodontist द्वारा बच्चाको दाँतको विशेष उपचार Orthodontist द्वारा बाँडो-टिङ्गो दाँतको तार बाँधेर सिधा बनाउने
◆ उपचार काठमाडौं विर अस्पताल, काठमाडौं टिचिङ्ग अस्पताल, लुम्बिनी प्रादेशिक अस्पताल, भैरहवा मेडिकल कलेज, चितवन मेडिकल कलेज तथा पाल्पा मिसन अस्पतालका अनुभव प्राप्त विभिन्न अस्पतालका डाक्टरद्वारा विशेषज्ञ सेवा उपलब्ध छ ।
प्रादेशिक अस्पतालको सटर नं. १४ बाट सरेर भुडकीचोक श्रवण पथबाट सम्पूर्ण सेवा
प्रो. मनोज आले
आले डेन्टल हस्पिटल प्रा. लि.
दाँत तथा मुखको अस्पताल
श्रवण पथ, रूपन्देही
फोन नं. : ०७१-५४२५४४, ५४०१०८
Email:dentalhospitalale@gmail.com, www.aledental.com

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस् ।
सम्पर्क
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

घर जग्गा बिक्रीमा तथा भाडामा
बुटवल उप महानगरपालिका वडा नं. १० कालिकानगर स्थित लगभग ३.५ कठ्ठामा बनेको पार्किङ्ग सहितको ३१ कोठे भवन शिक्षण संस्था तथा अस्पताल संचालनको लागि उपयुक्त रहेकोले भाडामा लिन तथा खरिद गर्न इच्छुक व्यक्ति वा संघ संस्थाले सम्पर्क गनु हुन अनुरोध छ ।
थप जानकारीको लागि निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।
नोट : किन्नेलाई प्राथमिकता दिइने छ ।
सम्पर्क नं. ९८४७०४७७३४, ९८५७०२००३९, ९८५७०२६८०६

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्ष: मोहन चापागाईं, सल्लाहकार: एम. बि. विश्वकर्मा, निर्देशक: ऋषि ज्ञवाली, सम्पादक: यानेन्द्र जी. सी.
प्रधान कार्यालय: बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेल: dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोन: ०७१-५२२२६७ वेवसाइड: www. dainiklumbini.com